# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या १०, मिति २०८१ माघ २३ गते

**भाग-२**

## बौदीकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### बौदीकाली गाउँपालिकाको सुत्केरीका लागि यातायात रकम प्रदान गर्ने कार्यविधि,२०८१

**प्रस्तावना :**

सुत्केरी र शिशुको स्वास्थ्यमा प्रबर्धन गर्नका लागि घरमा सुत्केरि हुने संख्या न्यूनीकरण गर्दै दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी हुने संख्यामा वृद्धि ल्याउनको लागि बौदीकाली गाउँपालिकाको बार्षिक बिकास कार्यक्रम अन्तर्गत बजेट भई कार्यान्वयनका लागि सुत्केरीको लागि यातायात रकम प्रदान गर्ने कार्यविधि तयार गरि लागु गरिएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम **"बौदीकाली गाउँपालिकाको सुत्केरीका लागि यातायात रकम प्रदान गर्ने कार्यविधि, २०८१"** रहेको छ ।

ख. यो कार्यविधि मिति २०८१/०४/०१ गते देखि लागु हुनेछ ।

**२. परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. "गाउँपालिका" भन्नाले बौदीकाली गाउँपालिका सम्झनु पर्छ ।

ख. "गाउँकार्यपालिका" भन्नाले बौदीकाली गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग. "स्वास्थ्य कर्मचारी" भन्नाले बौदीकाली गाउँकार्यपालिकाको मातहतका स्वास्थ्य संस्थामा स्थाई वा सेवा करारका स्वास्थ्य कर्मचारी सम्झनु पर्छ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बौदीकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ङ. "दक्ष स्वास्थ्यकर्मी" भन्नाले प्रस्तुति सेवाको लागि तालिम प्राप्त नर्सिङ स्वास्थ्यकर्मी सम्झनु पर्छ।

च. "सुत्केरी महिला" भन्नाले बौदीकाली गाउँपालिका स्थाई ठेगाना भई स्थाई रुपमा बसोबास गरेका महिला स्थानीय स्वास्थ्य संस्थामा सुत्केरी भएको महिला र स्वास्थ्यकर्मीबाट मनासिब कारण सहित माथिल्लो तहका अस्पतालमा गई सुत्केरी भएका महिला भनि सम्झनु पर्नेछ ।

छ. "माथिल्लो तहका अस्पताल" भन्नाले जटिल प्रकारको सुत्केरी सेवा प्रदान गर्नसक्ने ब्यबस्था भएको अस्पताल भनि सम्झनु पर्नेछ ।

ज. "स्थानीय स्वास्थ्य संस्था" भन्नाले बौदीकाली गाउँपालिकाको कार्यालय मातहतमा रहेका सम्पूर्ण सरकारी स्वास्थ्य संस्था लाई सम्झनु पर्नेछ।

## परिच्छेद २

**३. कार्यक्रमको उद्देश्य :**

क. संस्थागत सुत्केरी संख्या वृद्धि गर्ने ।

ख. घरमा हुने जोखिमयुक्त सुत्केरी संख्या कम गर्दै लाने ।

ग. आमा र शिशुको स्वास्थ्यको प्रबर्धन गर्ने ।

घ. मातृ र शिशु मृत्युदर घटाउने ।

**४. लक्ष्य :**

सम्पूर्ण गर्भवती महिलाहरुको नियमित गर्भजाच गराई उनीहरुलाई दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी  गराई घरमा हुने सुत्केरी संख्या कम गर्ने यस कार्यक्रमको लक्ष रहेको छ  ।

**५. स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई यातायात रकम प्रदान गराउने प्रक्रीया :**

क. सुत्केरी महिला बसोबास गर्दै आएको वडामा रहेको स्वास्थ्य संस्थामा सुत्केरी भए रु.२०००/- (दुई हजार) र सुत्केरी महिला बसोबास गर्दै आएको वडा भन्दा अन्य कुनैपनि वडामा रहेको स्वास्थ्य संस्थामा सुत्केरी भएमा रु.४०००/-(चार हजार रुपैया) यातायात खर्च स्वरूप प्रदान गर्ने । यसको लागि बर्थीङ सेन्टर सुत्केरी भएको कार्ड जन्म कार्ड आवस्यक पर्नेछ ।

ख. गर्भ जाचको क्रममा वा प्रशवको समयमा जुनसुकै स्वास्थ्य चौकीमा कार्यरत नर्सिंङ  कर्मचारी वा स्वास्थ्यकर्मीले जटिलता पहिचान र महसुस गरि सुबिधा सम्पन्न अस्पतालको लागि रेफर गरीएका सुत्केरिलाई यातायात खर्च सहयोग बापत रु.१००००/-(दश हजार) प्रदान गरिनेछ।

ग. रेफर गर्नका लागि सम्बन्धित गर्भवती महिलाको स्वास्थ्य जटिलताका मनाशिब कारणहरु रेफर पुर्जीमा स्पष्ट रुपमा उल्लेख गर्ने र सो को अभिलेख स्वास्थ्य संस्थामा शुरक्षित राख्ने ।

घ. बर्थिङ सेन्टरमा ल्याईएको सुत्केरीलाई पुन अस्पताल सम्म पठाउन पर्यो भने स्थानीय यातायात प्रोत्साहन रकम र माथिल्लो तहको अस्पतालमा रेफर गरी बापतको दुवै सहयोग रकम प्रदान गर्ने ।

ङ. सुत्केरी भएको ७२ घण्टा भित्र आमालाई सुत्केरी सम्बन्धि र शिशुलाई जन्म सम्बन्धि स्वास्थ जटिलता उत्पन्न भई रेफर गर्नु परेमा पनि यो यातायात खर्चको आर्थिक सुबिधा प्रदान गर्ने ।

च. बौदीकाली गाउँपालिका अन्तर्गत स्थाई ठेगाना भएता पनि बौदीकाली गाउँपालिका भन्दा अन्यन्त्र बसोबास गरिरहेका  सुत्केरीहरुको हकमा यो सुबिधा प्रदान गरिने छैन ।

छ. बौदीकाली गाउँपालिका अन्तर्गत बसोबास गर्दै आएता पनि स्वास्थ्य संस्थाको रेफर बिना आफूखुसी सहरका अस्पतालहरुमा गएर सुत्केरी भएकाहरुको हकमा यो सहयोग प्रदान गरिने छैन ।

ज. सुत्केरीको आफ्नै वा निजको श्रीमान् वा सुत्केरीको मञ्जुरी सहित सिफारिस गरिएको एकाघरका सदस्यहरुको बैंक खाता मार्फत रकम प्रदान गरिनेछ | यसको लागि वडा कार्यालय बाट नाता प्रमाणितको सिफारिस वा नाता भिड्ने कुनैपनि प्रमाण सुत्केरीको मंजुरिनामा पत्र उपलब्ध गराउनुपर्नेछ ।

झ. सम्बन्धित वडा कार्यालय बाट स्थाई ठेगाना र हाल बसोबास गर्दै आएको व्यहोरा स्पस्ट खुलेको सिफारिस पत्र , स्वास्थ्य संस्था वा बर्थिंग सेन्टर बाट प्रदान गरेको रेफर पत्र, जन्म प्रमाणपत्र, आमाको नागरिकता, गर्भजांच कार्ड वा सुत्केरी कार्ड, बैंक चेकको फोटोकपी सहित निबेदन पेश भएको हुनुपर्ने छ ।

ञ. बौदीकाली गाउँपालिका बसोबास गर्दै आएको गर्भवती महिला उपचार वा अन्य काम बिशेषले जुनसुकै ठाउमा रहेको र गएको बखत आकस्मिक गर्भ सम्बन्धि समस्या आई स्वास्थ्यकर्मीको रेफर बिना नै त्यहीबाट तत्काल आकस्मिक रुपमा अस्पताल सम्म पुगी २४ घण्टा भित्र शाल्यक्रिया गरि शिशु जन्माउन परेको अबस्थामा पनि यो आर्थिक सुबिधा प्रदान गर्ने ।

ट. गाउँपालिका अन्तर्गत रहेको एम्बुलेन्स वा अन्य कुनै सवारी साधन निशुल्क सेवा प्राप्त गरेको सुत्केरी महिलाको हकमा यो यातायात रकम प्रदान गरिने छैन ।

६. यस कार्यविधिलाई स्वास्थ्य शाखाको सिफारिस, गाउँपालिका अध्यक्षको तोक आदेश र प्रमुख प्रशासकीय अधिकृतको भुक्तानीबाट कार्यान्वयन हुनेछ ।

७. सुत्केरी यातायात रकम भुक्तानीको लागि दिने निवेदनको ढाँचा र आवश्यक कागजपत्रहर अनुसूची १ अनुसार हुनेछ ।

## अनुसूची- १

मिति :.........................

श्री गाउँपालिका अध्यक्षज्यू,
बौदीकाली गाउँपालिका, डेढगाउँ, नवलपरासी (ब.सु.पू.) ।

**विषय : सुत्केरी यातायात रकम उपलब्ध गराई पाउँ ।**

निवेदन गर्नका कारण यो छ कि म .............................................मिति ........................मा .......................................स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य केन्द्र/अस्पतालमा सुत्केरी भए वापत बौदीकाली गाउँपालिकाले प्रदान गर्ने आन्तरिक सुत्केरी यातायात/जटिल सुत्केरी वापत प्रदान गर्ने यातायात सुविधा उपलब्ध गराईदिनुहुनको लागि निम्न संलग्न कागजात सहित यो निवेदन अनुरोध छ ।

निवेदक :
नामथर :
ठेगाना :
सम्पर्क नं. :

**आवश्यक कागजातहरु :**

क. सुत्केरीको नेपाली नागरिकताको प्रमाणपत्र/जन्म दर्ता ।
ख. बच्चाको जन्म दर्ता ।
ग. बच्चाको स्वास्थ्य संस्थाबाट प्रदान गरिने जन्म कार्ड वा सिफारिस ।
घ. संरक्षकको हकमा नाता प्रमाणित ।
ङ. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
च. बैंक खाता नम्बर ।
छ. जटिलताको लागि रेफर गरिएको हकमा सम्बन्धित स्वास्थ्य संस्थाको रेफर पत्र ।
ज. रेफर बिना बौदीकाली बाहिर कुनै पनि अस्पतालमा गई अप्रेशनद्वारा सुत्केरी भएको हकमा अप्रेशन गरेको व्यहोरा खुल्ने कागजात ।

प्रमाणीकरण मिति : २०८१/०८/०६

आज्ञाले
उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका